**बैठक नं. ३०९(४)६**
**मिति २०८१।१२।१५**

# निर्णय

## निर्णय नं. १

प्रस्ताव नं. १ को सम्बन्धमा छलफल गर्दा आयोगको कार्यबोझ बमोजिम संगठन संरचना एवं दरबन्दीको पुनरावलोकन गर्न एवं आयोगको केन्द्रीय कार्यालय काठमाडौँ उपत्यकामा रहेकोमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २१ ले आवश्यकता अनुसार नेपालका विभिन्न स्थानमा आयोगले आफ्नो कार्यालय खोल्न सक्नेछ भन्ने व्यवस्था रहेको छ । मुलूक संघीय शासकीय स्वरुप बमोजिम तीन तह सरकार कायम रहेको र हाललाई आयोगको प्रदेशस्तरमा कार्यालय खोल्न आवश्यकता देखिएको हुँदा आयोगको केन्द्रीय स्तरको र थप कार्यालयको संगठन व्यवस्थापन सर्वेक्षण (O&M Survey) गर्नका लागि नेपाल सरकारसँग सम्पर्क मन्त्रालयको रुपमा तोकेको सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा सैद्धान्तिक सहमतिका लागि लेखी पठाउने र संगठन व्यवस्थापन सर्वेक्षणको लागि निम्न TOR सहित तपसिल बमोजिमको समिति गठन गर्ने:

**तपसिल**

| | | |
|---|---|---|
| १. सचिव, राष्ट्रिय सूचना आयोग | - | संयोजक |
| २. उपसचिव, प्रशासन शाखा, राष्ट्रिय सूचना आयोग | - | सदस्य |
| ३. उपसचिव, (प्रतिनिधि), सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | - | सदस्य |
| ४. उपसचिव, (प्रतिनिधि), संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | - | सदस्य |
| ५. शाखा अधिकृत, प्रशासन शाखा, राष्ट्रिय सूचना आयोग | - | सदस्य-सचिव |

TOR समितिको कार्यक्षेत्र

क) आयोगको केन्द्रीय कार्यालयको कार्यबोझ र कार्यविस्तार बमोजिम संगठन संरचना एवं जनशक्तिबीच विश्लेषण गरी संगठन संरचना एवं जनशक्ति प्रस्ताव गर्ने,

ख) आवश्यकता अनुसार प्रादेशिक कार्यालयको संगठन संरचना र जनशक्ति प्रस्ताव गर्ने ।

# निर्णय

## निर्णय नं. २

प्रस्ताव नं. २ को सम्बन्धमा छलफल गर्दा सूचनाको हकसम्बन्धी नियमावली, २०६५, सूचनाको हकसम्बन्धी अनुगमन निर्देशिका, २०७६ आयोगबाट जारी गरिएका अन्य निर्देशिका एवं कार्यविधिहरुमा गर्नु पर्ने थपघट, संशोधन एवं समसामयिक रुपमा गर्नु पर्ने सुधारहरु सहितको प्रतिवेदन पेश गर्न देहाय बमोजिमको समिति गठन गर्ने:

**देहाय**

| | | |
|---|---|---|
| १. सचिव, राष्ट्रिय सूचना आयोग | - | संयोजक |
| २. उपसचिव, योजना तथा प्रबर्द्धन शाखा, राष्ट्रिय सूचना आयोग | - | सदस्य |
| ३. उपसचिव, प्रशासन शाखा, राष्ट्रिय सूचना आयोग | - | सदस्य |
| ४. उपसचिव, पुनरावेदन तथा फै. का. शाखा, राष्ट्रिय सूचना आयोग | - | सदस्य |
| ५. उपसचिव, (प्रतिनिधि), कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय | - | सदस्य |
| ६. उपसचिव, (प्रतिनिधि), सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | - | सदस्य |
| ७. शाखा अधिकृत, पुनरावेदन तथा फै. का. शाखा, राष्ट्रिय सूचना आयोग | - | सदस्य-सचिव |

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ को सम्बन्धमा छलफल गर्दा आगामी आर्थिक वर्ष २०८२/८३ को लागि प्राप्त बजेट सिलिङ अनुसार चालू खर्च तर्फको अनिवार्य खर्च एवं कार्यक्रम खर्च गरी जम्मा रु ४ करोड ८४ लाख ३९ हजार र पूँजीगत खर्च तर्फ रु ५० लाखको वार्षिक कार्यक्रम LMBIS मा प्रविष्ट गरी पठाउन स्वीकृत गर्ने। साथै बजेट सिलिङ बाहिर चालू खर्च र पूँजीगत खर्च गरी रु २ करोड ४५ लाख उपलब्ध गराईदिन सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा लेखी पठाउने।